# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४६) काठमाण्डौ मंसीर ५ गते २०५३ साल (अतिरिक्ताङ्क ३९

## भाग २

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०५३ सालको ऐन नं. ६

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

४०६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## गैर सैनिक हवाई उडान (सिभिल एभिएशन) ऐन, २०१५ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : गैर सैनिक हवाई उडान (सिभिल एभिएशन) ऐन, २०१५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पच्चीसौं वर्षमा संसदले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "गैर सैनिक हवाई उडान (सिभिल एभिएशन) (चौथो संशोधन) ऐन, २०५३" रहेको छ ।

(२) यो ऐन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. गैर सैनिक हवाई उडान (सिभिल एभिएशन) ऐन, २०१५ को दफा २ मा संशोधन : गैर सैनिक हवाई उडान (सिभिल एभिएशन) ऐन, २०१५ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (ङ) पछि देहायको खण्ड (च), (छ) र (ज) थपिएका छन् :-

"(च) "विमानस्थल क्षेत्र" भन्नाले विमानस्थल वा हवाई उडानको सुरक्षित सञ्चालन तथा नियन्त्रण गर्ने वा तत्सम्बन्धी आवश्यक सूचना तथा जानकारी आदान प्रदान गर्ने कामको निमित्त प्रयोग हुने कुनै यन्त्र तथा सञ्चार वा उड्डयन सहाय (नेभिगेशनल एड) उपकरणहरु जडान भएको वा नभएको जुनसुकै स्थान, भवन, टहरा, टावर, जहाज, डुंगा र घाट सम्झनु पर्छ ।

(छ) "वायुसेवा सञ्चालन संस्था" भन्नाले



५०८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वायुयानद्वारा यात्रु, डाँक तथा मालसामान ओसारपसार गर्ने जिम्मा लिई हवाई यातायात सेवा सञ्चालन गर्ने उद्देश्यले स्थापित संस्थान, कम्पनी, एजेण्ट, फर्म वा व्यक्ति सम्झनु पर्छ ।

(ज) "हवाई उडान सम्बन्धी प्रशिक्षण संस्था (फ्लाईङ्ग स्कूल)" भन्नाले हवाई उडान सञ्चालनसंग सम्बन्धित प्राविधिकहरुलाई हवाई उडान सम्बन्धी विषयमा तालिम प्रशिक्षण तथा यस्तै अन्य प्रकारको प्राविधिक ज्ञान दिने दिलाउने संस्था सम्झनु पर्छ र सो शब्दले यस्तै उद्देश्यले स्थापना भएका फ्लाईङ्ग क्लबलाई समेत जनाउँछ ।"

३. मूल ऐनको दफा ३ मा संशोधन : मूल ऐनको दफा ३ को सट्टा देहायको दफा ३ राखिएको छ :-

"३. नियम बनाउने अधिकार : (१) यो ऐनको उद्देश्य कार्यान्वयन गर्न श्री ५ को सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी खास गरी देहायका विषयमा नियमहरु बनाउन सकिनेछ :-

(क) नेपाल अधिराज्यको कुनै स्थानमा विमानस्थल स्थापना गर्न पाउने अवस्था, सोको लागि अनुमति दिने र दस्तुर तोक्ने सम्बन्धमा ।

(ख) नेपाल अधिराज्यको हवाई क्षेत्रको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कुनै भागमा वायुयान उडान पूर्ण रुपमा मनाही गर्ने वा कुनै खास अवस्थामा र समयमा मात्र उडान गर्न पाउने सम्बन्धमा ।

(ग) हवाई उडानको सन्दर्भमा सर्वसाधारणको जीऊ ज्यानको रक्षाको लागि आवश्यक कुनै उपाय अवलम्बन गर्ने सम्बन्धमा ।

(घ) विमानस्थल निर्माण तथा सञ्चालन गर्ने सन्दर्भमा कसैको घर, भवन, टहरा, टावर इत्यादि पूरै वा केही भत्कने भएमा वा विमानस्थल तथा विमानस्थल क्षेत्रको जग्गामा हुने कुनै किसिमको निर्माण कार्यलाई नियमित, नियन्त्रण वा निषेध गर्दा पर्न जाने हानी नोक्सानी बापतको क्षतिपूर्तिको रकम निर्धारित गर्ने तरीका तथा अधिकारी तोक्ने र क्षतिपूर्ति दिने सम्बन्धमा ।

(ङ) वायुयानद्वारा कुनै पदार्थ ओसार पसार गर्न मनाही, नियन्त्रण, निषेध र नियमित गर्ने सम्बन्धमा ।

(च) वायुसेवा सञ्चालन संस्था, हवाई उडान सम्बन्धी प्रशिक्षण संस्था (फ्लाईङ्ग स्कूल) र वायुयान तथा वायुयानको पार्टपूर्जाहरुको उत्पादन, मर्मत तथा परीक्षण सहितका



५९०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विस्तृत मर्मत (ओभरहल) गर्ने संस्थालाई इजाजत दिने सम्बन्धमा ।

(छ) वायुयानको खोजतलास तथा उद्धार कार्य सञ्चालन गर्ने सम्बन्धमा ।

(ज) वायुयानको आवाज नियन्त्रण गर्ने र वायुयान सञ्चालनबाट वातावरणलाई दुषित हुनबाट रोक लगाउने सम्बन्धमा ।"

४. मूल ऐनको दफा ४ मा संशोधन : मूल ऐनको दफा ४ को उपदफा (१) को खण्ड (क) मा रहेका "यो ऐन अन्तर्गत दिइ राखेको" भन्ने शब्दहरुको सट्टा "यो ऐन वा प्रचलित कानून बमोजिम प्रदान गरिएको" भन्ने शब्दहरु राखिएका छन् ।

५. मूल ऐनमा दफा ४क. थप : मूल ऐनको दफा ४ पछि देहायको दफा ४क. थपिएकोछ :-

"४क. विमानस्थल क्षेत्र घोषणा गर्ने अधिकार : (१) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी नेपाल अधिराज्यको कुनै क्षेत्र वा ठाउँलाई त्यसको चार किल्ला तोकी विमानस्थल क्षेत्र घोषणा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम घोषणा गरिएको विमानस्थल क्षेत्रको सुरक्षाको लागि श्री ५ को सरकारले नियम बनाई आवश्यकतानुसार सुरक्षा प्रबन्धको व्यवस्था मिलाउन सक्नेछ ।"

६. मूल ऐनको दफा ५ मा संशोधन : मूल ऐनको दफा ५ को उपदफा (२) को खण्ड (घ) मा रहेका "यो ऐन अन्तर्गत"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भन्ने शब्दहरुको सट्टा "यो ऐन वा प्रचलित कानून बमोजिम" भन्ने शब्दहरु राखिएका छन् ।

७. मूल ऐनको दफा ६ मा संशोधन : मूल ऐनको दफा ६ को उपदफा (१) को खण्ड (ख) मा रहेका "खण्ड (ञ) वा खण्ड (ट) अन्तर्गत बनेको कुनै नियमको" भन्ने शब्दहरुको सट्टा "खण्ड (ख) अन्तर्गत बनेको कुनै नियम" भन्ने शब्दहरु राखिएका छन् ।

८. मूल ऐनको दफा ९ मा संशोधन : मूल ऐनको दफा ९ मा रहेका "अन्तर्गत बनेको कुनै नियम" भन्ने शब्दहरु पछि "वा जारी गरेको आदेश" भन्ने शब्दहरु राखी सोही दफामा रहेका "एक हजार रुपैयाँसम्म" भन्ने शब्दहरुको सट्टा "दश हजार रुपैयाँसम्म" भन्ने शब्दहरु राखिएका छन् ।

९. मूल ऐनको दफा ९क. मा संशोधन : मूल ऐनको दफा ९क को सट्टा देहायको दफा ९क. राखिएको छ :-

"९क. अपराध र दण्ड सजाय : (१) देहाय बमोजिमका कुनै कार्यहरु गरेमा देहाय बमोजिमका अपराध गरेको मानिनेछ :-

(क) अनधिकृत प्रवेश सम्बन्धी अपराध : यो ऐन वा प्रचलित कानून बमोजिम अनुमति प्राप्त नगरी कुनै वायुयान नेपाल अधिराज्यभित्र प्रवेश गरेमा अनधिकृत प्रवेशको अपराध गरेको मानिने छ ।

(ख) हवाई क्षेत्र अतिक्रमण सम्बन्धी अपराध : प्रचलित कानून बमोजिम अनुमति प्राप्त नगरी कुनै वायुयान नेपाल अधिराज्यको



५१२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भू-भाग माथिबाट उडान (ओभरफ्लाई) गरेमा हवाई क्षेत्र अतिक्रमण सम्बन्धी अपराध गरेको मानिनेछ ।

(ग) वायुयानको गैर काननी कब्जा र अपहरणको अपराध : उडानमा रहेका वायुयान भित्र कसैले गैर कानूनी रुपले बल प्रयोग गरी वा सो प्रयोग गर्ने धम्की दिई वा अरु कुनै प्रकारको डर त्रास देखाई वायुयानलाई कब्जामा लिएमा वा त्यस उपर नियन्त्रण गरेमा वायुयानको गैर कानूनी कब्जा र अपहरणको अपराध गरेको मानिनेछ ।

(घ) हवाई उडानको सुरक्षा विरुद्धको अपराध: देहाय बमोजिमका कुनै कार्यहरु गरेमा हवाई उडानको सुरक्षा विरुद्धको अपराध गरेको मानिनेछ :-

(१) उडानमा रहेका वायुयान भित्र कुनै व्यक्ति विरुद्ध हिंसात्मक काम कारवाई गरेमा वा त्यस्तो काम कारवाईले वायुयानको सुरक्षामा खतरा हुने संभावना भएमा,

(२) सेवामा संचालित वायुयानलाई नष्ट गरेमा वा त्यस्तो वायुयानलाई उडानको लागि असक्षम बनाई वा उडानमा त्यसको सुरक्षामा खतरा हुने संभावना पारी क्षति पारेमा,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) भूमिस्थ वायुयान वा वायुयानमा जडित पार्टपूर्जा वा उपकरण वा हवाई परिवहन सम्बन्धी सुविधाहरु (फेसिलिटिज) वा सञ्चार उड्डयन सहाय उपकरण वा अग्नि निवारण वा जीवनोद्धार सेवा तथा सुरक्षा उपकरण वा सो सम्बन्धी मालसामान वा वस्तु आदि नष्ट गरेमा वा क्षति पुऱ्याएमा वा त्यसको कुनै भाग वा पाटपूर्जा अनधिकृत तवरबाट झिकेमा वा तिनको सञ्चालनमा हस्तक्षेप गरेमा,

(४) असत्य हो भन्ने जानीजानी कुनै सूचनाको सञ्चार गरी उडानमा रहेको वायुयानको सुरक्षामा खतरा पैदा गरेमा।

(ङ) वायुयानको सुरक्षा विरुद्धको अपराध : सेवामा सञ्चालित वा भूमिस्थ वायुयानमा जुनसुकै उपायद्वारा कुनै साधन (डेभाइस) वा वस्तु राखी वा राख्न लगाएको कारणले त्यस्तो साधन वा वस्तुबाट खण्ड (घ) को उपखण्ड (२) बमोजिम सो वायुयान नष्ट वा उडानको लागि असक्षम हुने वा उडानमा त्यसको सुरक्षामा खतरा पुग्ने संभावना भएमा वायुयानको सुरक्षा विरुद्धको अपराध गरेको मानिनेछ।

५९४



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) <u>विमानस्थल सुरक्षा विरुद्धको अपराध</u> : विमानस्थल तथा विमानस्थल क्षेत्र भित्र वा बाहिर रहेका सञ्चार तथा उड्डयन सहाय उपकरण, दृष्टिगत सहाय (भिजुयल एड्स), मौसम तथा जलवायु सम्बन्धी उपकरण, अग्नी निवारण तथा जीवनोद्धार सेवा सम्वन्धी यन्त्र तथा उपकरण, सुरक्षा सम्बन्धी अन्य उपकरण तथा यन्त्र तथा हवाई उडानसंग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सम्बन्धित अन्य यन्त्र, उपकरण, भवन, धावन मार्ग, धावनमार्ग तर्फ जाने बाटो (ट्याक्सी वे), विसान (एप्रोन), वायुयान राख्ने स्थान (हयाँगर) आदि वा सो सम्बन्धी मालसामान कुनै पनि प्रकारले पूर्ण वा आंशिक रुपमा बिगारे, भत्काए, क्षति पुऱ्याए वा नष्ट गरेमा विमानस्थल सुरक्षा विरुद्धको अपराध गरेको मानिनेछ ।

(छ) <u>हवाई यातायातसंग सम्बन्धित व्यक्तिको सुरक्षा विरुद्धको अपराध</u> : हवाई उडान कार्यसंग सम्बन्धित कुनै पनि कर्मचारी, विमानस्थलमा कार्यरत सरकारी वा गैर सरकारी कर्मचारी, हवाई यात्रु लगायत विमानस्थलमा आगन्तुक कुनै पनि व्यक्तिलाई हात हतियार लिई वा नलिई डर, धम्की, प्रलोभन वा अरु कुनै तरिका अपनाई अपहरण गरी वा कब्जामा लिई



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आफ्नो कर्तव्यबाट विचलित पारी वा अन्य कुनै किसिमबाट हवाई उडान सञ्चालन तथा सुरक्षामा खतरा वा बाधा उत्पन्न गराउने कार्य गरेमा हवाई यातायातसंग सम्बन्धित व्यक्तिको सुरक्षा विरुद्ध अपराध गरेको मानिनेछ ।

(२) उपदफा (१) को खण्ड (ग), (घ), (ङ), (च) र (छ) बमोजिमको अपराधको उद्योग गर्नु, सो अपराध गर्न वा अपराधको उद्योग गर्नमा मतियार हुनु पनि यस दफा अन्तर्गतको अपराध मानिनेछ ।

(३) उपदफा (१) मा उल्लेखित देहायको अपराध गर्नेलाई देहाय बमोजिम सजाय हुनेछ :-

(क) खण्ड (क) र (ख) बमोजिमको अपराध गर्नेलाई एक वर्षदेखि तीन वर्षसम्म कैद हुनेछ ।

(ख) खण्ड (ग), (घ) र (ङ) बमोजिमको अपराध गर्नेलाई जन्म कैद र त्यस्तो अपराध गर्न उद्योग गर्ने वा मतियार हुनेलाई पन्ध्रदेखि बीस वर्षसम्म कैद हुनेछ ।

(ग) खण्ड (च) बमोजिमको अपराध गर्नेबाट भएको नोक्सानी बिगो भराई निजलाई एक वर्षदेखि पाँच वर्षसम्म कैद हुनेछ ।

(घ) खण्ड (छ) बमोजिमको अपराध गर्नेलाई पाँच वर्षदेखि दश वर्षसम्म कैद हुनेछ ।

७१५



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) माथिका खण्डहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो कुनै अपराध गरेको फलस्वरुप वायुयानमा रहेको कुनै व्यक्तिको मृत्यु भएमा वा वायुयान नै ध्वस्त भएमा अपराध गर्नेलाई जन्मकैद र मतियारलाई जन्मकैद वा प्रन्ध्र वर्षदेखि बीस वर्षसम्म कैद हुनेछ र अपराधी र मतियारको सम्पत्ति समेत जफत हुनेछ ।"

१०. मल ऐनको दफा ९च. मा संशोधन : मूल ऐनको दफा ९च. मा रहेका "सपुर्दगी ऐन, २०२०" भन्ने शब्दहरुको सट्टा "सपुर्दगी ऐन, २०४५" भन्ने शब्दहरु राखिएका छन् ।

११. मल ऐनको दफा ९छ. मा संशोधन : मूल ऐनको दफा ९छ. मा रहेका "दफा ९क. को उपदफा (१) को खण्ड (क) अन्तर्गत" भन्ने शब्दहरुको सट्टा "दफा ९क. को उपदफा (१) को खण्ड (ग) अन्तर्गत" भन्ने शब्दहरु राखिएका छन् ।

१२. मल ऐनको दफा ९झ. मा संशोधन : मूल ऐनको दफा ९झ. को उपदफा (१) को खण्ड (ग) पछि देहायको खण्ड (घ) थपिएकोछ :-

"(घ) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका अन्य महासन्धि (कन्भेन्सन)",

१३. मल ऐनको दफा १० मा संशोधन : मूल ऐनको दफा १० को सट्टा देहायको दफा १० राखिएकोछ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"१०. खतराजनक तरिकाबाट वायुयान उडाउनेलाई दण्ड सजाय : (१) जल, स्थल वा हवाई क्षेत्रमा रहेको कुनै व्यक्तिको जीऊ ज्यान वा सम्पत्तिमा हानी नोक्सानी हुने किसिमले वा उडानमा रहेको वा नरहेको अन्य कुनै वायुयानलाई समेत बाधा पुग्ने वा हानी नोक्सानी पुग्न सक्ने किसिमबाट कसैले खतराजनक तरिकाबाट वायुयान उडाएमा निजलाई छ महिनासम्म कैद र पचास हजारदेखि एकलाख रुपैयांसम्म जरिवाना हुनेछ ।

(२) उपदफा (१) बमोजिम खतराजनक तरिकाबाट वायुयान उडाएको कारणबाट दफा ९क. को उपदफा (३) को खण्ड (ङ) बमोजिम कसैको मृत्यु भएमा वा वायुयान ध्वस्त भएमा सोही खण्डमा लेखिए बमोजिमको सजाय हुनेछ ।"

१४. मूल ऐनको दफा ११ मा संशोधन : मूल ऐनको दफा ११ मा रहेका "नियम अन्तरगत" भन्ने शब्दहरु पछि "निर्धारित हवाई सुरक्षा सम्बन्धी व्यवस्था तथा अन्य कुरा उल्लंघन गरी" भन्ने शब्दहरु थपिएका छन् ।

१५. मूल ऐनको दफा १२ मा संशोधन : मूल ऐनको दफा १२ को उपदफा (२) मा रहेका "खण्ड (ट) वा (थ) अन्तर्गत बनेको नियम" भन्ने शब्दहरुको सट्टा "खण्ड (ख) वा (ङ) को सम्बन्धमा बनेको नियम" भन्ने शब्दहरु राखिएका छन् ।

१६. मूल ऐनमा दफा १४ख. र १४ग. थप : मूल ऐनको दफा १४क. पछि देहायका दफा १४ख. र १४ग. थपिएका छन् :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"१४ख. छुट दिन सक्ने : प्रचालत कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सैनिक हवाई उडान दलको सदस्यता प्राप्त गरेको वा गैर सैनिक हवाई उडानमा सरकारी मान्यता प्राप्त उडान सम्बन्धी अनुभव र प्राविधिक ज्ञान भएको वा श्री ५ को सरकारले तोकेको कुनै विशेष परीक्षा उत्तीर्ण भएको कुनै व्यक्तिको सम्बन्धमा श्री ५ को सरकारले निजको प्राविधिक ज्ञान र क्षमताको समेत विचार गरी हवाई सेवा सञ्चालन सम्बन्धी इजाजत पत्र, कार्य क्षमताको स्तरीकरण (रेटिंग) वा अन्य प्रमाणपत्रको लागि चाहिने योग्यताहरुमध्ये केही योग्यताहरुमा तोकिए बमोजिम छुट दिन सक्नेछ ।

१४ग. अधिकार सुम्पन सक्ने : (१) यो ऐन र यस ऐन अन्तर्गत बनेका नियम बमोजिम श्री ५ को सरकारलाई प्राप्त अधिकार श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कुनै निकाय वा अधिकारीले प्रयोग गर्न पाउने गरी सुम्पन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अधिकार सुम्पदा त्यस्तो अधिकार प्रयोग गर्दा पालन गर्नु पर्ने शर्त बन्देज समेत तोक्न सक्नेछ ।"

१७. रुपान्तर : (१) मूल ऐनको ठाउँ ठाउँमा प्रयोग भएका "हवाई अड्डा" भन्ने शब्दहरुको सट्टा "विमानस्थल" भन्ने शब्द राखिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) मूल ऐनको दफा ९झ. को ठाउँ ठाउँमा प्रयोग भएका "सम्झौता" र "अन्तर्राष्ट्रिय सम्झौता" भन्ने शब्दहरुको सट्टा "महासन्धि" भन्ने शब्दहरु राखिएका छन् ।

लालमोहर सदर मिति:- २०५३।८।५।४

आज्ञाले,
**सुरेशमान श्रेष्ठ**
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

520



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग २

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०५३ सालको ऐन नं. ७

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

## नेपाल नागरिक उड्डयन प्राधिकरणको स्थापना गर्न बनेको ऐन

प्रस्तावना : नेपालमा नागरिक उड्डयन (सिभिल एभिएशन) को विकास तथा विस्तार गर्न र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्पर्कको लागि हवाई उडान, हवाई सञ्चार, हवाई पथ प्रदर्शन (एयर नेभिगेशन) र हवाई परिवहन (एयर ट्रान्सपोर्टेशन) सेवाको सञ्चालन सुरक्षित, नियमित, स्तरीय र प्रभावकारी बनाउन नेपाल नागरिक उड्डयन प्राधिकरणको स्थापना र सञ्चालनको लागि व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर बिक्रम शाहदेवको शासनकालको पच्चीसौं वर्षमा संसदले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम विस्तार र प्रारम्भ : (१) यस ऐनको नाम "नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३" रहेको छ।

(२) यो ऐन नेपाल अधिराज्यभर र अन्यत्र जहाँसुकै रहेको वा बसेको भए तापनि देहायका वायुयान र व्यक्तिहरुका सम्बन्धमा समेत लागू हुनेछ।

(क) नेपाली नागरिक,

(ख) नेपाल अधिराज्यमा दर्ता भएको वायुयान तथा त्यसमा रहेको व्यक्ति।

(३) यो ऐन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "प्राधिकरण" भन्नाले दफा ३ बमोजिम

422



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्थापना भएको नेपाल नागरिक उड्डयन प्राधिकरण सम्झनु पर्छ ।

(ख) "विमानस्थल" भन्नाले वायुयान प्रस्थान वा अवतरण गर्ने कामको निमित्त पूरा वा आंशिक रुपमा प्रयोग हुने कुनै निश्चित वा सीमित जल वा स्थलक्षेत्र सम्झनु पर्छ र सो शब्दले त्यस क्षेत्रमा रहेका वा त्यस क्षेत्रसंग सम्बन्धित सबै भवन, टहरा, जहाज, डुङ्गा र घाटलाई समेत जनाउँछ ।

(ग) "विमानस्थल क्षेत्र" भन्नाले विमानस्थल वा हवाई उडानको सुरक्षित सञ्चालन तथा नियन्त्रण गर्ने वा तत्सम्बन्धी आवश्यक सूचना तथा जानकारी आदान प्रदान गर्ने कामको निमित्त प्रयोग हुने कुनै यन्त्र तथा सञ्चार वा उड्डयन सहाय (नेभिगेशनल एड) उपकरणहरु जडान भएका वा नभएका सबै स्थान, भवन, टहरा, टावर, जहाज, डुङ्गा र घाट सम्झनु पर्छ ।

(घ) "वायुयान" भन्नाले हावाको प्रक्रियाद्वारा वायुमण्डलमा आधारित हुन सक्ने जुनसुकै यन्त्र सम्झनु पर्छ र सो शब्दले जमिनसित गाँसिएको वा नगाँसिएको बेलुन, हवाई जहाज, हेलिकोप्टर, चङ्गा, ग्लाइडर, हयांग ग्लाइडर, माइक्रोलाइट,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्झनु पर्छ र सो शब्दले समितिको सदस्य-सचिवलाई समेत जनाउँछ ।

(ढ) "महानिर्देशक" भन्नाले दफा १९ बमोजिम नियुक्त महानिर्देशक सम्झनु पर्छ ।

(ण) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. <u>प्राधिकरणको स्थापना</u> : (१) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई उडान, हवाई सञ्चार, हवाई पथ प्रदर्शन (एयर नेभिगेशन) र हवाई परिवहन (एयर ट्रान्सपोर्टेशन) सेवाको सञ्चालन सुरक्षित, नियमित, स्तरीय र प्रभावकारी बनाउन नेपाल नागरिक उड्डयन प्राधिकरण स्थापना गरिएकोछ ।

(२) प्राधिकरणलाई अंग्रेजी भाषामा "सिभिल एभिएशन अथोरिटी अफ नेपाल" र छोटकरीमा "सि.ए.ए. एन." भनिनेछ ।

(३) प्राधिकरणको प्रधान कार्यालय काठमाडौंमा रहनेछ ।

४. <u>प्राधिकरण स्वशासित संस्था हुने</u> : (१) प्राधिकरण अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

(२) प्राधिकरणको आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) प्राधिकरणले व्यक्ति सरह चल अचल सम्पत्ति



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्राप्त गर्न, उपभोग गर्न, बेच बिखन गर्न वा अन्य किसिमले बन्दोबस्त गर्न सक्नेछ ।

(४) प्राधिकरणले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

५. <u>प्राधिकरणको काम, कर्तव्य र अधिकार</u> : यस ऐनमा अन्यत्र लेखिएको काम, कर्तव्य र अधिकारको अतिरिक्त प्राधिकरणको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रचलित कानून बमोजिम इजाजत प्राप्त वायु सेवा सञ्चालन संस्थाहरुलाई वायु सेवा सञ्चालन गर्न तोकिए बमोजिम अनुमति तथा प्रमाणपत्र प्रदान गर्ने, निलम्बन गर्ने वा रद्द गर्ने ।

(ख) प्रचलित कानून बमोजिम इजाजत प्राप्त हवाई उडान सम्बन्धी प्रशिक्षण संस्थाको सञ्चालन गर्न तोकिए बमोजिम अनुमति तथा प्रमाणपत्र प्रदान गर्ने, निलम्बन गर्ने वा रद्द गर्ने ।

(ग) प्रचलित कानून बमोजिम इजाजत प्राप्त वायुयान तथा वायुयानको पार्टपूर्जाहरुको उत्पादन, मर्मत तथा परीक्षण सहितको विस्तृत मर्मत (ओभरहल) गर्ने संस्थाहरुलाई तोकिए बमोजिम अनुमति दिने तथा त्यस्तो संस्थामा काम गर्ने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्राविधिज्ञलाई तोकिए बमोजिम इजाजत, कार्य क्षमताको स्तरीकरण (रेटिंग) तथा प्रमाणपत्र दिने, नवीकरण गर्ने, रद्द गर्ने, स्थगित गर्ने, फिर्ता गर्ने तथा त्यस्तो इजाजत कार्य क्षमताको स्तरीकरण (रेटिंग) र प्रमाणपत्र दिने सम्बन्धमा आवश्यक योग्यता तोक्ने तथा परीक्षा लिने।

(घ) वायु सेवा सञ्चालनसंग सम्बद्ध तोकिए बमोजिमको योग्यता प्राप्त व्यक्तिहरुलाई तोकिए बमोजिम इजाजत, कार्य क्षमताको स्तरीकरण (रेटिंग) तथा प्रमाणपत्र दिने, नवीकरण गर्ने, रद्द गर्ने, स्थगित गर्ने, फिर्ता गर्ने तथा त्यस्तो इजाजत कार्य क्षमताको स्तरीकरण (रेटिंग) र प्रमाणपत्र दिने सम्बन्धमा आवश्यक योग्यता तोक्ने र परीक्षा लिने।

(ङ) अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनको सदस्य राष्ट्र वा त्यस्तो राष्ट्रबाट अधिकार प्राप्त संघ संस्थाबाट वायु सेवा सञ्चालनसंग सम्बन्धित विषयहरुमा प्रदान गरेको इजाजत, कार्य क्षमताको स्तरीकरण (रेटिंग) तथा प्रमाणपत्रहरु र वायुयान मर्मत तथा परीक्षण सहितको विस्तृत मर्मत (ओभरहल) गर्ने संस्थालाई नेपाली वायुयानको मर्मत तथा परीक्षण



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सहितको विस्तृत मर्मत (ओभरहल) गर्न मान्यता दिने ।

(च) वायुयानको तोकिए बमोजिम दर्ता (रजिष्ट्रेशन) गर्ने र चिन्ह अंकित (मार्किङ्ग) गर्ने ।

(छ) वायुयानको तोकिए बमोजिम उडान योग्यताको प्रमाणपत्र (सर्टिफिकेट अफ एयरवर्दिनेश) दिने, नवीकरण गर्ने र खारेज गर्ने ।

(ज) वायुयानको उडान, वायुयानबाट यात्रु, डाँक तथा मालसामान ओसार्ने र अन्य औद्योगिक व्यवसाय सम्बन्धी कामको निमित्त वायुयानको प्रयोग गर्न पाउने अवस्थाहरु तोक्ने ।

(झ) वायुयान, वायुयान राख्ने स्थान, वायुयान उडान तथा वायुयान सेवा सञ्चालन सम्बन्धी व्यवस्था र वायुयान मर्मत तथा परीक्षण सहितको विस्तृत मर्मत (ओभरहल) गर्ने स्थानको निरीक्षण गर्ने ।

(ञ) प्रचलित कानून बमोजिम श्री ५ को सरकारले निषेध गरेको क्षेत्र तथा स्थान बाहेक नेपाल अधिराज्यभित्र वायुयान प्रवेश गर्ने, नेपाल अधिराज्यबाट वायुयान प्रस्थान गर्ने, नेपाल अधिराज्य माथि



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उडान गर्न पाउने अवस्था, हवाई मार्ग र वायुयान अवतरण गर्ने स्थानहरु तोक्ने ।

(ट) विमानस्थल तथा विमानस्थल क्षेत्रभित्र अग्नि निवारण तथा जीवनोद्धार सेवा उपलब्ध गराउने र खोज तथा उद्धार कार्यमा समन्वय गर्ने ।

(ठ) विमानस्थलमा भूमिस्थ सेवा (ग्राउण्ड ह्याण्डलिङ) सेवा सञ्चालन गर्ने, गराउने ।

(ड) दृष्टिगत र यान्त्रिक उडान (भिजुयल एण्ड इन्स्ट्रुमेण्ट फ्लाइट) गर्ने तथा हवाई मानचित्र (एरोनटिकल चार्टस्) को आवश्यकता तोक्ने, त्यस्तो मानचित्र तयार गर्ने तथा प्रचलन गर्ने र उडानको लागि मौसम सम्बन्धी सूचना आदान प्रदान गर्ने ।

(ढ) हवाई यातायात सेवा तथा सो सम्बन्धी विषयको प्राविधिक जाँचबुझ गर्न प्राधिकरणले आफ्नो वायुयान राख्ने र प्रयोग गर्ने ।

(ण) हवाई उडान सेवा (एयर ट्राफिक सर्भिस), हवाई उडान सूचना सेवा (फ्लाइट इन्फर्मेशन सर्भिस), सचेत गर्ने सेवा (एलर्टिङ्ग सर्भिस), हवाई उडान सल्लाह सेवा (एयर ट्राफिक एडभाइजरी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सर्भिस), हवाई उडान नियन्त्रण सेवा (एयर ट्राफिक कण्ट्रोल सर्भिस) र हवाई पथ प्रदर्शन सेवा तथा सुविधा (एयर नेभिगेशन सर्भिस तथा फेसिलिटिज), क्षेत्र नियन्त्रण सेवा (एरिया कण्ट्रोल सर्भिस), पहुँच क्षेत्र नियन्त्रण सेवा (एप्रोच कण्ट्रोल सर्भिस) तथा विमानस्थल नियन्त्रण सेवा (एरोड्रम कण्ट्रोल सर्भिस) उपलब्ध गराउने ।

(त) हवाई सञ्चार सम्बन्धमा प्रयोग गरिने नापको इकाई तोक्ने, वायुयानद्वारा वा वायुयानमा सञ्चारको निमित्त प्रयोग गरिने संकेत र त्यस्तो संकेत दिंदा प्रयोग हुने यन्त्र तोक्ने ।

(थ) वायुयानको आवाज नियन्त्रण गर्ने र वायुयान सञ्चालनबाट वायुमण्डल तथा वातावरणमा हुने प्रदूषणमा रोक लगाउने ।

(द) खतराजन्य वस्तु तथा पदार्थहरुको वायुयानद्वारा ओसार पसार गर्न निषेध तथा नियन्त्रण गर्ने र परिमाण तोक्ने ।

(ध) हवाई उडान अनुमति प्रदान गर्ने र वायुयानका चालकहरुको काम, कर्तव्य, उडान तथा विश्राम समय तोक्ने ।

(न) हवाई यातायात सेवा सञ्चालनमा लाग्ने



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

यात्रु तथा मालसामान ढुवानीको भाडा दस्तुर निर्धारण गर्ने सम्बन्धमा श्री ५ को सरकारलाई सुझाव दिने ।

(प) विमानस्थल, विमानस्थल क्षेत्र र त्यहाँ उपलब्ध सेवा सुविधाहरुलाई अधिकतम आर्थिक लाभ र सदुपयोग हुने गरी तोकिए बमोजिम प्रयोग गर्ने वा गर्न दिने ।

(फ) अन्तर्राष्ट्रिय नागरिक उड्डयन सम्बन्धी महासन्धि (कन्भेन्सन) बाट पारित भई श्री ५ को सरकारबाट अनुमोदन भएको र सो महासन्धि अन्तर्गत बनेको तथा अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (आई.सि.ए.ओ) बाट निर्धारित मापदण्ड (स्ट्याण्डर्डस) र सिफारिशहरु (परिशिष्ट तथा दस्तावेज) आदि आवश्यकतानुसार लागू गर्ने, गराउने ।

(ब) प्राधिकरणको स्वामित्वमा रहेको भवन, वायुयान, यन्त्र, उपकरण आदि सम्पत्तिको आवश्यकतानुसार बिमा गर्ने ।

(भ) श्री ५ को सरकारले तोकेका अन्य कार्यहरु गर्ने, गराउने ।

६. <u>हवाई यातायात सेवा तथा सुविधा विकास योजनाको तर्जुमा र कार्यान्वयन</u> : नेपाल अधिराज्यमा हवाई उडान, हवाई सञ्चार, हवाई पथ प्रदर्शन (एयर नेभिगेशन) र हवाई परिवहन (एयर ट्रान्सपोर्टेशन) सेवाको सञ्चालन सुरक्षित,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नियमित, स्तरीय र प्रभावकारी बनाउन प्राधिकरणले देहायका विषयहरुमा हवाई यातायात सेवा तथा सुविधा विकास योजनाको तर्जुमा गरी कार्यान्वयन गर्न सक्नेछ :-

(क) विमानस्थलको निर्माण, पुनः निर्माण, विकास, विस्तार तथा मर्मत सम्भार गर्ने । यसरी नयाँ विमानस्थल निर्माण गर्दा श्री ५ को सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ । विमानस्थलको निर्माण, पुनः निर्माण विकास तथा विस्तार गर्दा वातावरणीय प्रभावको मूल्याङ्कन गराई सम्बन्धित निकायको पूर्व स्वीकृति समेत लिनु पर्नेछ ।

(ख) हवाई यातायात सेवा सञ्चालन गराउने ।

(ग) विमानस्थल, विमानस्थल क्षेत्र, तथा हवाई मार्ग र सो सम्बन्धी स्थानहरुमा आवश्यक सञ्चार तथा उड्डयन सहाय उपकरण र अन्य यन्त्र तथा उपकरण आदिको व्यवस्था गर्ने ।

(घ) हवाई यातायात सेवा सञ्चालन सम्बन्धी विकसित तथा अत्याधुनिक प्रविधिहरुलाई प्रयोगमा ल्याउने र ल्याउन लगाउने ।

(ङ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई मार्गहरुको विकास तथा विस्तार गर्ने ।

(च) हवाई यात्रुहरुको लागि आवश्यक स्तरीय यात्रु सेवा सुविधा उपलब्ध गराउने ।



मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छ) हवाई यातायात सेवा तथा सुविधा विकास योजनासंग सम्बन्धित विषयहरुमा दक्ष जनशक्ति तयार गर्न उच्चस्तरीय तालीम तथा अध्ययनको प्रबन्ध गर्ने, गराउने ।

(ज) पर्यटन उद्योगलाई टेवा पुऱ्याउन हवाई यातायात, नागरिक उड्डयन तथा विमानस्थल र विमानस्थल क्षेत्रसंग सम्बद्ध कार्यहरु गर्ने ।

(झ) उपर्युक्त कार्यसंग सम्बन्धित अन्य कार्यहरु गर्ने, गराउने ।

७. <u>निषेध गर्ने, नियमित गर्ने वा निर्देशन दिन सक्ने</u> : (१) योजना कार्यान्वयन गर्ने प्रयोजनको लागि प्राधिकरणले देहायका विषयहरुमा आवश्यकता अनुसार निषेध गर्ने, नियमित गर्ने वा निर्देशन दिन सक्नेछ :-

(क) विमानस्थल तथा विमानस्थल क्षेत्र र हवाई मार्गमा वा त्यसको आसपासमा प्रकाशको व्यवस्था गर्ने ।

(ख) विमानस्थल, विमानस्थल क्षेत्र र हवाई मार्गमा रहेको कुनै व्यक्तिको निजी घरजग्गामा निजद्वारा वा सो घरजग्गा भोग चलन गर्ने व्यक्तिद्वारा प्रकाशको प्रबन्ध गर्न लगाउने र त्यसको लागि प्राधिकरणले खर्च व्यहोर्ने ।

(ग) विमानस्थल, विमानस्थल क्षेत्र र



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हवाई मार्गमा पर्ने जग्गामा कसैले कुनै भवन, टावर, लट्ठा इत्यादि बनाउँदा वा खडा गर्दा वा प्रकाशको व्यवस्था गर्दा पालन गर्नु पर्ने शर्त वा बन्देज तोक्ने ।

(घ) खण्ड (ग) बमोजिम तोकिएको शर्त बन्देजमा उल्लिखित उचाई भन्दा बढीको भवन, घर, टहरा, टावर, लट्ठा, रुख वा अन्य कुनै कुराको निर्माण गर्न वा खडा गर्न, उचाई बढाउन प्रतिवन्ध लगाउने वा भैरहेको त्यस्तो भवन, घर, टहरा, टावर, लट्ठा, रुख आदि पूरै वा केही भत्काउन, उखेल्न वा काट्न लगाउने ।

(ङ) विमानस्थल वा विमानस्थल क्षेत्रभित्र रहेका वायुयान लगायत अन्य कुनै सम्पत्ति वा यन्त्र वा उपकरणको सुरक्षाको निमित्त आवश्यक प्रबन्ध गर्ने ।

(२) उपदफा (१) बमोजिम प्राधिकरणले हवाई सुरक्षालाई ध्यानमा राखी विमानस्थल वा विमानस्थल क्षेत्र भित्रको कसैको चल अचल सम्पत्तिको भोग चलनमा शर्तयुक्त बन्देज लगाउन सक्नेछ र त्यस्तो बन्देज सम्बन्धी निर्णय गर्दा वा तत्सम्बन्धी सूचना वा आदेश जारी गर्दा बन्देज लगाउन परेको कारण समेत स्पष्ट खुलाउनु पर्नेछ ।

८. अरुको घर जग्गामा प्रवेश गर्ने अधिकार : (१) प्राधिकरणले तोकेको अधिकृतले प्राधिकरणको कामको सिलसिलामा विमानस्थल क्षेत्रको आसपास वा हवाई मार्गमा रहेको कुनै



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

व्यक्तिको घर जग्गामा प्रवेश गन आवश्यक परेमा तत्काल त्यस्तो घर जग्गा प्रयोग गरिरहेको व्यक्तिलाई पूर्व सूचना दिएर प्रवेश गर्न सक्नेछ ।

तर कुनै दुर्घटना हुनबाट बचाउन वा त्यस्तो घर जग्गामा जडान भएको कुनै उपकरणको जरुरी मर्मत कार्य गर्नु परेमा वा त्यस्तै अन्य कुनै मनासिब कारण भएमा पूर्व सूचना नदिएर पनि जुनसुकै समयमा पनि प्राधिकरणको कुनै कर्मचारीले त्यस्तो घर जग्गामा प्रवेश गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै काम गर्नको निमित्त कसैको घर जग्गामा प्रवेश गर्ने प्राधिकरणको अधिकृत वा कर्मचारीले आफूले त्यस्तो घर जग्गामा गरेको काम सम्बन्धी प्रतिवेदन यथाशीघ्र प्राधिकरण समक्ष दिनु पर्नेछ ।

९. <u>जग्गा प्राप्त गर्ने</u> : (१) योजना कार्यान्वयन गर्न आवश्यक पर्ने जग्गा कसैको निजी भोगचलनमा रहेको भए त्यस बापतको क्षतिपूर्ति प्राधिकरणबाट दिलाउने गरी श्री ५ को सरकारले प्राप्त गरी प्राधिकरणलाई उपलब्ध गराइदिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जग्गा प्राप्त गर्दा सो सम्बन्धी प्रचलित कानूनको कार्यविधि अपनाइनेछ ।

१०. <u>आर्थिक श्रोत जुटाउन सक्ने</u> : (१) प्राधिकरणले देहायका अधिकार प्रयोग गरी आफ्नो कार्य सञ्चालन गर्न आवश्यक पर्ने आर्थिक श्रोत जुटाउन सक्नेछ :-

(क) स्वदेशी संघ, संस्था, बैंक वा व्यक्तिबाट ऋण तथा अनुदान लिने,

(ख) श्री ५ को सरकारको स्वीकृति लिई विदेशी सरकार र विदेशी वा



५३५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अन्तर्राष्ट्रिय संघ, संस्थाबाट ऋण तथा अनुदान लिने,

(ग) प्राधिकरणको कोषमा रहेको रकम लगानी गर्ने,

(घ) प्राधिकरणको स्वामित्वमा रहेको वायुयानलाई आय आर्जन गर्ने गरी सीमित मात्रामा उडान गर्ने,

(ङ) प्राधिकरणको स्वामित्वमा रहेका विमानस्थल तथा विमानस्थल क्षेत्रमा वायुयान अवतरण (लैण्डिङ्ग), गृह आश्रय (हाउसिङ्ग), भूमिस्थ प्रबन्ध सुविधा (ग्राउण्ड हायण्डलिङ्ग), बिसान (पार्किङ) गरेमा वा अन्य सवारी साधन बिसान, (पार्किङ) गरेमा तोकिए बमोजिमको शुल्क असुल गर्ने,

(च) नेपालको भूभाग माथि कुनै वायुयानले उडान (ओभर फ्लाइ) गरेमा तोकिए बमोजिमको शुल्क असुल गर्ने,

(छ) नेपालको हवाई सीमा क्षेत्रभित्र उडान गर्ने वायुयानले सञ्चार तथा उड्डयन सहाय उपकरण सेवा सुविधा उपभोग गरे बापत तोकिए बमोजिमको शुल्क असुल गर्ने,

(ज) विदेशबाट वायुयानद्वारा नेपाल





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अधिराज्यमा आयात हुने मालसामान ढुवानीमा तोकिए बमोजिमको मालसामान (कार्गो) शुल्क असुल गर्ने,

(झ) हवाई यात्रुहरुलाई आवश्यक स्तरीय यात्रु सेवा सुविधा उपलब्ध गराए बापत तोकिए बमोजिमको यात्रु सेवा सुविधा शुल्क असुल गर्ने,

(ञ) वायुयान सेवा सञ्चालनसंग सम्बन्धित विषयहरुमा अनुमति, कार्य क्षमताको स्तरीकरण (रेटिंग), तथा प्रमाणपत्र प्रदान गर्दा, नवीकरण गर्दा र सोको लागि परीक्षा सञ्चालन गर्दा तोकिए बमोजिम शुल्क असुल गर्ने,

(ट) प्राधिकरणको स्वामित्वमा रहेका विमानस्थलको टर्मिनल भवनभित्र प्रवेश गर्ने आगन्तुकहरु संग तोकिए बमोजिमको प्रवेश शुल्क असुल गर्ने,

(ठ) वायुयान, हवाई यात्रु र निजहरुका सम्पत्ति, मालसामानहरुको उद्धार तथा सुरक्षाको लागि अग्नि निवारण तथा जीवनोद्धार सेवा उपलब्ध गराए बापत तोकिए बमोजिमको शुल्क असुल गर्ने,

(ड) विमानस्थल तथा विमानस्थल क्षेत्रभित्र हवाई इन्धन बिक्री, कर मुक्त पसल,



५३८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उडानमा रहेका यात्रुहरुलाई खाना उपलब्ध गराउने सेवा (फ्लाइट क्याटरिङ्ग), मालसामान प्रबन्ध (कार्गो हैण्डलिङ्ग) सेवा, यात्रु परिवहन (लिमोजिन) सेवा, भूमिस्थ प्रबन्ध (ग्राउण्ड ह्याण्डलिङ्ग) सेवा लगायत तोकिए बमोजिमका अन्य व्यापार व्यवसाय सञ्चालन गर्नेहरुसंग तोकिए बमोजिम भाडा तथा शुल्क असुल गर्ने,

(ढ) विमानस्थल तथा विमानस्थल क्षेत्रभित्र व्यापार व्यवसाय सञ्चालन गर्ने तथा विज्ञापन प्रचार प्रसार गर्नेहरुसंग तोकिए बमोजिम भाडा तथा शुल्क असुल उपर गर्ने,

(ण) विमानस्थल तथा विमानस्थल क्षेत्रभित्र बिजुली, खानेपानी, टेलिफोन, टेलेक्स, फ्याक्स आदि सुविधा उपलब्ध गराए बापत तोकिए बमोजिम शुल्क असुल गर्ने,

(त) निर्धारित समय भन्दा बढी समय विमानस्थल तथा विमानस्थल क्षेत्र खुला राखे बापत तोकिए बमोजिम अतिरिक्त शुल्क असुल गर्ने,

(थ) तोकिए बमोजिमका अन्य सेवाहरु उपलब्ध गराए बापत भाडा तथा शुल्क असुल गर्ने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम बुझाउनु पर्ने भाडा तथा शुल्क तोकिएको म्याद भित्र नबुझाउनेको हकमा तोकिए बमोजिम थप भाडा शुल्क असुल गर्न सकिनेछ ।

११. सेवा सुविधा उपभोग गर्न रोक लगाउन सकिने : दफा १० बमोजिम सेवा सुविधा उपभोग गरे बापत प्राधिकरणलाई तिर्नु बुझाउनु पर्ने भाडा तथा शुल्क नतिरे, नबुझाएमा प्राधिकरणले त्यस्तो सेवा सुविधा उपभोग गर्न रोक लगाउन सक्नेछ ।

१२. संयुक्त लगानी : प्राधिकरणले श्री ५ को सरकारको पूर्व स्वीकृति लिई स्वदेशी वा विदेशी लगानीकर्ताहरुसंग संयुक्त लगानीमा योजना तथा कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

१३. सञ्चालक समितिको गठन : (१) प्राधिकरणको सम्पूर्ण काम कारवाहीको सञ्चालन, रेखदेख र व्यवस्थापनको लागि देहायका अध्यक्ष तथा सदस्यहरु भएको सञ्चालक समितिको गठन हुनेछ :-

(क) पर्यटन तथा नागरिक उड्डयन मन्त्री वा राज्यमन्त्री वा श्री ५ को सरकारले तोकेको व्यक्ति - अध्यक्ष

(ख) प्रतिनिधि, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय - सदस्य

(ग) प्रतिनिधि, अर्थ मन्त्रालय - सदस्य

(घ) पर्यटन उद्योग व्यवसायमा विशेष दखल तथा अनुभव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भएका निजी क्षेत्र वा संघ,
संस्थाका व्यक्तिहरुमध्ये
श्री ५ को सरकारबाट
मनोनीत एक जना - सदस्य

(ङ) नागरिक उड्डयन
सम्बन्धमा विशेष योग्यता
हासिल गरेका व्यक्तिहरु
मध्येबाट श्री ५ को
सरकारबाट मनोनीत एकजना - सदस्य

(च) निजी क्षेत्रका समेत
गरी वायुसेवा सञ्चालन
गर्ने संस्थाका सञ्चालकहरु
मध्येबाट श्री ५ को
सरकारबाट मनोनीत दुई जना - सदस्य

(छ) महानिर्देशक - सदस्य-सचिव

(२) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समितिको अध्यक्ष तथा सदस्यहरुमा थपघट वा हेरफेर गर्न सक्नेछ ।

(३) समितिले आवश्यक देखमा कुनै विशेषज्ञ वा सल्लाहकारलाई अवधि तोकी समितिको पर्यवेक्षक सदस्य मनोनयन गर्न सक्नेछ ।

(४) उपदफा (१) को खण्ड (क), (घ), (ङ) र (च) बमोजिम मनोनीत अध्यक्ष तथा सदस्यको पदावधि चार वर्षको हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर श्री ५ को सरकारले चाहेमा पदावधि समाप्त भएका अध्यक्ष तथा सदस्यलाई पुनः मनोनयन गर्न सक्नेछ ।

(५) उपदफा (१) बमोजिम गठित सञ्चालक समितिले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम प्राधिकरणलाई भएका सबै अधिकारको प्रयोग र कर्तव्यको पालन गर्नेछ ।

१४. सदस्यता कायम नरहने अवस्था : (१) दफा १३ बमोजिम गठित सञ्चालक समितिको अध्यक्ष तथा सदस्य देहायको कुनै अवस्थामा आफ्नो पदमा कायम रहने छैनन् :-

(क) श्री ५ को सरकारले हटाएमा,

(ख) पदावधि समाप्त भएमा,

(ग) श्री ५ को सरकार समक्ष दिएको लिखित राजीनामा स्वीकृत भएमा,

(घ) मृत्यु भएमा ।

(२) उपदफा (१) बमोजिमको कारण परी अध्यक्ष वा कुनै सदस्यको पद रिक्त भएमा बाँकी पदावधिको निमित्त अर्को व्यक्ति मनोनीत हुन सक्नेछ ।

१५. समितिको बैठक : (१) समितिको बैठक सामान्यतया दुई महिनामा एक पटक बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत



५६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा निजले तोकेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णयात्मक मत दिनेछ ।

(६) समितिको बैठकमा छलफल भएका विषय र सो सम्बन्धमा भएको निर्णय सदस्य-सचिवले निणंय पुस्तिका (माईन्युट) मा जनाई बैठकमा उपस्थित सदस्यहरुको दस्तखत गराउनु पर्नेछ ।

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गर्न सक्नेछ ।

१६. <u>अध्यक्षको काम, कर्तव्य, अधिकार र सुविधा</u> : (१) अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) समितिको बैठकमा छलफल गरिने विषयहरुको प्राथमिकता क्रम निर्धारण गर्ने,

(ख) प्राधिकरणद्वारा सञ्चालित योजना तथा कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने, गराउने र तत्सम्बन्धमा आवश्यक निर्देशन दिने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग

(ग) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा उल्लेख भएकोमा बाहेक तथा विशेष परिस्थितिमा प्राधिकरणको उद्देश्य पूरा गर्नको निमित्त जुनसुकै काम कारवाही गर्न वा गराउन आवश्यक निर्देशन दिने,

(घ) प्राधिकरणको काम कारवाही व्यवस्थित, प्रभावकारी, लाभप्रद र सुचारु रुपबाट सञ्चालन गर्ने, गराउने ।

(२) अध्यक्षले पाउने सुविधा श्री ५ को सरकारले तोकिदिए बमोजिम हुनेछ ।

१७. काम कारवाही बदर नहुने : समितिको गठनमा कुनै त्रुटी भई वा कुनै सदस्यको स्थान रिक्त भई समितिमा कुनै काम कारवाही भएको भए तापनि सोही कारणले मात्र त्यस्तो काम कारवाही बदर हुने छैन ।

१८. व्यापारिक सिद्धान्त अनुशरण गर्ने : समितिले प्राधिकरणको कार्य सम्पादन गर्दा वायु सेवा सञ्चालन व्यवसाय तथा हवाई यात्रु समेतको सुरक्षा र हितलाई ध्यानमा राखि व्यापारिक सिद्धान्त अनुशरण गर्नेछ ।

१९. महानिर्देशक, सल्लाहकार तथा अन्य कर्मचारी : (१) प्राधिकरणको कार्य सञ्चालनको निमित्त कार्यकारी प्रमुखको रुपमा श्री ५ को सरकारले सामान्यतया श्री ५ को सरकारको सेवामा वा प्राधिकरणको सेवामा बहाल रहेका कुनै कर्मचारीलाई महानिर्देशकको पदमा नियुक्त गर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) महानिर्देशकको पदावधि चार वर्षको हुनेछ र श्री ५ को सरकारले चाहेमा निज पुन नियुक्तिको लागि ग्राह्य हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले चाहेमा पदावधि पूरा नहुँदै पनि महानिर्देशकलाई निजको पदबाट हटाउन सक्नेछ ।

(४) प्राधिकरणले आवश्यकतानुसार अन्य सल्लाहकार र कर्मचारीहरु नियुक्त गर्न सक्नेछ ।

(५) प्राधिकरणको महानिर्देशक, सल्लाहकार तथा अन्य कर्मचारीहरुको सेवाको शर्त तथा सुविधा तोकिए बमोजिम हुनेछ ।

२०. <u>महानिर्देशकको काम, कर्तव्य र अधिकार</u> : महानिर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्राधिकरणको सामान्य प्रशासन र व्यवस्थापनको कार्य सञ्चालन गर्ने,

(ख) प्राधिकरणको कोषको रेखदेख, नियन्त्रण, सम्पत्तिको व्यवस्था र स्याहार सम्भारको व्यवस्था गर्ने, गराउने,

(ग) प्राधिकरणको वार्षिक कार्यक्रम तथा योजना तर्जुमा गरी समितिमा पेश गर्ने,

(घ) प्राधिकरणको वार्षिक आय व्यय तथा पूरक आय व्यय विवरण तयार गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) समितिबाट स्वीकृत बजेट, योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने,

(च) प्राधिकरणको आन्तरिक र अन्तिम लेखापरीक्षण गराउने व्यवस्था गर्ने,

(छ) प्राधिकरण र श्री ५ को सरकार तथा अन्य निकाय बीच सम्पर्क अधिकारीको रुपमा काम गर्ने,

(ज) प्राधिकरणका कर्मचारीहरुको सेवाको शर्त सम्बन्धी नियमको मस्यौदा तयार गरी स्वीकृतिको लागि समितिमा पेश गर्ने,

(झ) प्राधिकरणको आर्थिक प्रशासन सम्बन्धी नियमको मस्यौदा तयार गरी स्वीकृतिको लागि समितिमा पेश गर्ने,

(ञ) प्राधिकरण अन्तर्गतका विभिन्न कार्यालयहरु बीच आपसमा सम्पर्क तथा समन्वय कायम गर्ने, गराउने,

(ट) समितिबाट प्रत्यायोजन गरिएका अधिकार तथा दिइएका निर्देशन बमोजिमका कार्यहरु गर्ने ।

२१. हवाई सुरक्षाकर्मी : (१) विमानस्थल तथा विमानस्थल क्षेत्रको सुरक्षाको लागि प्राधिकरणले आवश्यकतानुसार हवाई सुरक्षाकर्मीहरुको व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम हवाई सुरक्षाकर्मीहरुको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

व्यवस्था नभएसम्म त्यस्तो सुरक्षा व्यवस्था श्री ५ को सरकारबाट हुनेछ ।

२२. अध्यक्ष, सदस्य, महानिर्देशक तथा प्राधिकरणको सल्लाहकार र कर्मचारी उपर प्रतिवन्ध : अध्यक्ष, सदस्य, महानिर्देशक तथा प्राधिकरणको सल्लाहकार र कर्मचारीले प्राधिकरण संगको कुनै पनि कारोवार वा ठेक्का पट्टामा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले हिस्सेदार हुन पाउने छैनन् ।

२३. प्राधिकरणको कोष : (१) प्राधिकरणको आफ्नो एउटा छुट्टै कोष हुनेछ । प्राधिकरणको पूँजी, ऋण तथा अनुदान बापत र दफा १० र १२ बमोजिम प्राप्त रकम पनि सो कोषमा जम्मा गरिनेछ ।

(२) प्राधिकरणको सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(३) प्राधिकरणको कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ । कोष सञ्चालन गर्ने सम्बन्धी नियम नबनेसम्म कोषको सञ्चालन समितिले तोके बमोजिम हुनेछ ।

२४. लेखा र लेखापरीक्षण : (१) प्राधिकरणको लेखा समितिबाट स्वीकृत ढाँचा र तरिका बमोजिम राखिनेछ ।

(२) प्राधिकरणको लेखाको लेखापरीक्षण महालेखा परीक्षक वा निजले तोकेको लेखा परीक्षकद्वारा हुनेछ ।

२५. सजाय : (१) कसैले दफा ७ बमोजिम प्राधिकरणले नियमित वा निषेध गरेको काम कुराहरु प्राधिकरणको पूर्व स्वीकृति बिना गरेमा वा प्राधिकरणले स्वीकृति दिंदा कुनै शर्त तोकिदिएकोमा त्यस्तो शर्त विपरीत हुने गरी कुनै काम गरेमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

त्यस्तो व्यक्तिलाई प्राधिकरणले पचास हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(२) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम प्राधिकरणले गरेको वा गर्न लागेको काममा बाधा पुऱ्याएमा त्यस्तो व्यक्तिलाई प्राधिकरणले दश हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(३) कसैले यो ऐन बमोजिम प्राधिकरणले दिएको आदेश वा निर्देशन विपरीत कुनै काम कारवाही गरेमा त्यस्तो व्यक्तिलाई प्राधिकरणले पच्चीस हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(४) कसैले माथि लेखिएदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको विपरीत कुनै काम गरेमा त्यस्तो व्यक्तिलाई प्राधिकरणले दश हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

२६. असल नियतले गरेको कामको बचाउ : अध्यक्ष, सदस्य, महानिर्देशक तथा प्राधिकरणको अन्य कर्मचारीहरुले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम बमोजिम आफ्नो कर्तव्य पालनको सिलसिलामा असल नियतले गरेको वा गर्न खोजेको कुनै कुराबाट भएको हानी नोक्सानीको निमित्त निजहरु व्यक्तिगत रुपले जवाफदेही हुने छैनन् ।

२७. सरकारी बाँकी सरह असुल उपर गर्न सकिने : प्राधिकरणले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम कुनै व्यक्ति वा संस्थासंग लिनु पर्ने शुल्क, भाडा तथा क्षतिपूर्ति सरकारी बाँकी सरह असुल उपर गर्न सक्नेछ ।

५४८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८. अधिकार प्रत्यायोजन : समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकार आवश्यकतानुसार समितिको कुनै सदस्य, प्राधिकरणको महानिर्देशक वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२९. श्री ५ को सरकारको अधिकार : (१) प्राधिकरणले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै काम गरेमा वा गर्न लागेमा श्री ५ को सरकारले त्यस्तो काम रोक्ने आदेश दिन सक्नेछ ।

(२) श्री ५ को सरकारले सार्वजनिक हितलाई ध्यानमा राखि आवश्यक देखेमा यस ऐन बमोजिम प्राधिकरणले दिएको कुनै आदेश पूर्ण वा आंशिक रुपमा बदर गर्न सक्नेछ ।

(३) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी दफा १० बमोजिम वायुयान तथा हवाई यात्रुहरुले प्राधिकरणलाई तिर्नु बुझाउनु पर्ने शुल्क वा भाडा मध्ये कुनै वा सबै तोकिए बमोजिमको अवस्थामा कुनै खास वायुयान तथा व्यक्ति वा वर्गले तिर्नु बुझाउनु नपर्ने गरी छुट दिन सक्नेछ ।

(४) यस ऐन बमोजिम प्राधिकरणले गर्नु पर्ने काम नगरेमा, कर्तव्य पालन नगरेमा वा श्री ५ को सरकारले दिएको आदेशको पालन नगरेमा, प्राधिकरणको सम्पत्ति हिनामिना भै नोक्सानी हुने अवस्थामा पुगेमा वा अन्य कुनै कारणले प्राधिकरण कायम राख्न आवश्यक छैन भन्ने लागेमा श्री ५ को सरकारले प्राधिकरणलाई विघटन गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) उपदफा (४) बमोजिम प्राधिकरण विघटन भएमा प्राधिकरणको हक, दायित्व तथा सम्पत्ति श्री ५ को सरकारमा सर्नेछ ।

३०. सम्पत्ति र दायित्व हस्तान्तरण : (१) यो ऐन प्रारम्भ हुनु अघि श्री ५ को सरकारबाट सञ्चालन गरिएका हवाई यातायात सेवा तथा सुविधा विकास योजनाको सम्पत्ति यो ऐन प्रारम्भ भएपछि श्री ५ को सरकारले मूल्याङ्कन गरी श्री ५ को सरकारको पूंजी लगानीको रुपमा प्राधिकरणलाई हस्तान्तरण गरिनेछ ।

तर त्यस्तो कुनै योजना पूरा नहुँदै हस्तान्तरण गरिने भए सो योजना पूरा भएपछि मात्र त्यस्तो योजनाको सम्पत्तिको मूल्याङ्कन गरिनेछ ।

(२) विदेशी सरकार, विदेशी वा अन्तर्राष्ट्रिय संघ, संस्थावाट ऋण प्राप्त गरी सञ्चालन गरिएको योजना उपदफा (१) बमोजिम प्राधिकरणलाई हस्तान्तरण गर्दा त्यस्तो ऋण बापत श्री ५ को सरकारले तिर्नु पर्ने साँवा र व्याजको निमित्त श्री ५ को सरकारले तोकेको शर्तमा प्राधिकरणले श्री ५ को सरकारलाई आवश्यक रकम तिर्नुपर्ने गरी हस्तान्तरण गरिनेछ ।

(३) विदेशी सरकार, विदेशी वा अन्तर्राष्ट्रिय संघ, संस्थाबाट सहायता वा अनुदान प्राप्त गरी सञ्चालन गरिएका वा श्री ५ को सरकारले आफ्नै खर्चमा सञ्चालन गरेका योजनाहरु उपदफा (१) बमोजिम प्राधिकरणलाई हस्तान्तरण गर्दा त्यस्तो योजनाको सम्पत्ति श्री ५ को सरकारको पूँजी लगानीको रुपमा रहनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३१. <u>प्राधिकरणले आदेश तथा निर्देशन दिन सक्ने</u> : हवाई यात्रुहरुको सेवा, सुविधा तथा सुरक्षा, विमानस्थल तथा विमानस्थल क्षेत्रको सुरक्षा, वायुयानको सुरक्षा, हवाई उडान तथा त्यस्तो कार्यसंग सम्बन्धित व्यक्ति तथा उपकरणहरुका सुरक्षाको व्यवस्थापनको लागि प्राधिकरण वा प्राधिकरणबाट अधिकार प्राप्त व्यक्तिले विमानस्थल क्षेत्रभित्र कार्यरत सरकारी तथा गैरसरकारी व्यक्तिहरुलाई आवश्यक आदेश तथा निर्देशन दिन सक्नेछ । त्यसरी दिएको आदेश तथा निर्देशन पालन गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

३२. <u>श्री ५ को सरकारका कर्मचारीहरु प्राधिकरणको सेवामा स्वेच्छाले परिणत हुन सक्ने</u> : (१) प्राधिकरणको कर्मचारीहरुको सेवा, शर्त र सुविधा सम्बन्धी नियमावली श्री ५ को सरकारबाट स्वीकृत भएको मितिले तीन महिनाभित्र श्री ५ को सरकारको (हवाई विभाग तथा अन्तर्गत कार्यरत) सबै कर्मचारीले श्री ५ को सरकारको सेवामा रहने वा प्राधिकरणको सेवामा परिणत हुने हो सो सम्बन्धमा आफ्नो इच्छा लिखित रुपमा व्यक्त गरी श्री ५ को सरकारलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त हुन आएको जानकारीको आधारमा श्री ५ को सरकारले श्री ५ को सरकारको सेवामा रहेका कर्मचारीहरुलाई प्राधिकरणको सेवामा परिणत गर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राधिकरणको सेवामा परिणत नभएसम्मका लागि श्री ५ को सरकारको सेवामा रहेका कर्मचारीहरुलाई प्राधिकरणमा काजमा काम लगाउन सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३३. <u>निर्देशन दिन सक्ने</u> : श्री ५ को सरकारले यो ऐन कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक देखेका कुराहरुमा प्राधिकरणलाई निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालन गर्नु प्राधिकरणको कर्तव्य हुनेछ ।

३४. <u>नियम बनाउने अधिकार</u> : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्राधिकरणले आवश्यक नियमहरु बनाउन सक्नेछ र त्यस्तो नियम श्री ५ को सरकारबाट स्वीकृत भए पछि मात्र लागू हुनेछ ।

३५. <u>निर्देशिका बनाउन सक्ने</u> : प्राधिकरणले यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमहरुको प्रतिकूल नहुने गरी अन्तर्राष्ट्रिय संस्थाहरुबाट निर्धारित नियम तथा मापदण्डहरुको (स्ट्याण्डर्डहरु) कार्यान्वयनको लागि आवश्यक पर्ने निर्देशिका बनाई लागू गर्न सक्नेछ र त्यस्तो निर्देशिकाको पालन गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

३६. <u>श्री ५ को सरकारसंग सम्पर्क</u> : प्राधिकरणले श्री ५ को सरकारसंग सम्पर्क राख्दा पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

३७. <u>प्रचलित कानून बमोजिम हुने</u> : यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम र अन्य कुराका हकमा प्रचलित कानून बमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३८. <u>खारेजी र बचाउ</u> : (१) हवाई उडान कर ऐन, २०१८ खारेज गरिएको छ ।

(२) यो ऐन लागू हुनु अगावै हवाई यातायात सेवा सम्बन्धमा प्रचलित कानून बमोजिम श्री ५ को सरकारबाट भए गरेका कार्यहरु यसै ऐन बमोजिम भएको मानिनेछ ।

लालमोहर सदर मिति:- २०५३।८।५।४

आज्ञाले,

**सुरेशमान श्रेष्ठ**

श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाण्डौमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।